प्रकाशकीय

साना किसान कृषि सहकारी संस्था लि. को बाह्रौं वार्षिक साधारण सभाको प्रगति प्रतिवेदन प्रकाशन गर्न पाउँदा हामी ज्यादै हर्षित छौं । सहकारीको मुल्य, मान्यता र सिद्धान्तको आधारमा सहकारी ऐन अन्तर्गत स्थापित यस संस्थाले स्थापना देखि आजसम्म सदस्यहरूलाई निरन्तर रूपमा कृषि तथा वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ । **"सहकारी मार्फत कृषि क्षेत्रको प्रवर्द्धन"** भन्ने दुर दृष्टि(Vison)र **'एककालागिसबैसबैकालागिएक'** भन्ने नारा रहेको यस संस्थाले आगामी दिनमा पनि सहकारीको असल अभ्यासको माध्यमबाट सदस्यहरूको व्यवसाय प्रवर्द्धन गर्दै आर्थिक उन्नयनमा थप टेवा पुऱ्याउने विश्वास लिएका छौं ।

यस वार्षिक प्रतिवेदनमा आ.व. २०८२।०८३ मा संस्थाले गरेका गतिविधि सहित संचालक समिति, लेखा सुपरिवेक्षण समिति र लेखा परिक्षण प्रतिवेदन सहितका क्रियाकलाप र आ.व. २०८३/०८४ को अनुमानित बजेट, नीति तथा कार्यक्रम समेटेका छौं । प्रतिवेदन प्रकाशनका क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उप समिति, कर्मचारीहरू लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यबाद सहित विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८३ एवं नेपाल सम्वत् ११४७ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । जय सहकारी । जय सानाकिसान ।।

विषय सूची

क्र.सं.	विषय	पेज नं.
१.	प्रकाशकिय विषय सूची	१
२.	चिठ्ठी (साधारण सभामा उपस्थित हुनेबारे)	२
३.	शुभकामना - राष्ट्रिय सहकारी बैंक लि.	३
४.	शुभकामना - श्री नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.	४
५.	शुभकामना - साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.	५
६.	अध्यक्षको मन्तव्य	६
७.	प्रबन्धकको प्रतिवद्धता	८
८.	संचालक सकितिको प्रगति प्रतिवेदन	१०
९.	लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन	२१
१०.	शुभकामना	२३
११.	लेखा परिक्षण प्रतिवेदन	२४
१२.	टिप्पणी	३६

सानाकिसान कृषि सहकारी संस्था लि.
सु.न.पा.-७, गुण्डू भक्तपुर
फोन नं.: ०१-५०९०३४७, ५७०८०७२
९७४१६६४६१४

वार्षिक प्रतिवेदन
बाह्रौं वार्षिक साधारणसभा
२०८३ असोज ३, शनिबार

कम्प्युटर र मुद्रण
SHUBHAM PRESS
शुभम प्रेस
सिपाडोल, भक्तपुर
फोन नं. ९८५१३३८५४३
९८०३५९१२३६

पान नं. ६०२९२९४९३

दर्ता नं. ६६६-०७१२०७२

एकका लागि सबै, सबैका लागि एकू

सानाकिसान कृषि सहकारी संस्था लि.
Sana Kisan Agriculture Co-operative Ltd.
सु.न.पा.-७, गुण्डू, भक्तपुर

पत्र संख्याः ०८३/०८४
च. नं.: ०१५

श्री शेयर सदस्य ज्यू

मितिः २०८३/०४/२९

विषय: साधारण सभामा उपस्थिती ।

उपरोक्त सम्बन्धमा मिति २०८३ श्रावण २३ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको **बाह्रौं वार्षिक साधारण सभा** देहाय बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले यहाँको अनिवार्य उपस्थितिका लागि सादर अनुरोध छ ।

कार्यक्रम:

मितिः २०८३ आसोज ३ गते शनिबार

समयः बिहान १०:०० बजे देखि दिउँसो १:०० बजे सम्म

स्थानः हिमाल एकेडेमी ब्लक बि प्राङ्गण, सु.न.पा. ७

छलफलका विषयहरू:

प्रस्तावहरू:–

१. संचालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०८२/०८३ को वार्षिक प्रगति प्रतिबेदन र आ. व. २०८३/०८४ निति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने ।
२. लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
४. आ.ब. २०८३/०८४ को प्रस्तावित आय व्यय उपर छलफल गरी पारित गर्ने ।
५. आ.ब. २०८२/०८३ को शेयर लाभांस तथा कोष बारे ।
६. आ.ब. २०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।
७. साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधिको मनोनयन गर्ने बारे ।
८. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता तथा व्यवस्थापकको सेवा सुविधा तोक्ने बारे ।
९. संस्थाको भवन निर्माण बारे ।
१०. कार्यविधि निर्माण तथा संसोधन गर्ने ।
११. विविध ।

नोट: साधारणसभामा सहभागी सदस्यहरूले अनिवार्य पासबुक ल्याउनुपर्ने साथै सदस्य स्वयम् उपस्थित हुनु पर्नेछ ।

सविता बस्नेत
अध्यक्ष

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

शुभकामना



सहकारी संस्था मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको अभियानमा सक्रिय, **सूर्यविनायक न.पा.-०७, गुण्डु, भक्तपुर** स्थित **सानाकिसान कृषि सहकारी संस्था लिमिटेडले** आफ्नो **"१२ औँ वार्षिक साधारण सभाको"** अवसरमा सम्पुर्ण सदस्य, सञ्चालक, कर्मचारी तथा सरोकारवालाहरुको साझा योगदानलाई स्मरणीय बनाउन तथा संस्थाको इतिहास, उपलब्धि र अनुभवलाई दस्तावेज गर्ने उद्देश्यले **"वार्षिक प्रगति प्रतिवेदन"** प्रकाशन गरि सदस्य तथा सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।यस अवसरमा म संस्थाका शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाई बधाई दिन चाहान्छु ।

यस सहकारी संस्थाले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपालमा आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु । संस्थाले यस क्षेत्रको नेपालको एक अग्रणी सहकारीको रुपमा स्थापित हुदै आफ्नो साख वृद्धि गर्न अग्रसर रहेको पाएको छु ।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा विकासको लागि स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य मात्रमा योगदान गरिरहेको छ । सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ । वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

अन्तमा संस्थाले आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबी न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्दै **"१२ औ वार्षिक साधारण सभाको"** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!!

मिति : २०८३-०५-०९

बद्रीकुमार गुरागाईं
प्रमुख कार्यकारी अधिकृत

दर्ता नं. १५/०६४-६५(स. वि.,काठमाडौं)

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

(साना किसानहरुद्वारा प्रवर्द्धित)

धोविघाट, ललितपुर

NEPAL AGRICULTURE CO-OPERATIVE CENTRAL FEDERATION LTD. (NACCFL)

(Promoted by Small Farmers Agro Co-operative Limited)

Dhobighat, Lalitpur, **Tel:** 015153170, 015153660 **Email:** skbks.nepal@gmail.com

शुभकामना



साना किसान कृषि सहकारी संस्था लि., सुर्यविनायक न.पा., गुण्डु, भक्तपुरको **१२ औं वार्षिक साधारण सभाको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु** ।

विभिन्न अवरोधहरुसँग जुद्धै एक सामाजिक संस्थाले स्थानीय तहमा आर्थिक तथा सामाजिक रुपमा आफ्ना सदस्यहरुको सेवा गर्दै सफलतापूर्वक १२ औं वर्षमा प्रवेश गर्नु आफैमा एक सफलता हो । यस संस्थाले सहकारीको ऐन र नीति नियममा रही आफ्ना सदस्यहरुको आर्थिक तथा सामजिकस्तर वृद्धिका लागि गरेका कार्यहरु सराहनीय छन् ।

संस्थाको आफ्नो मूल विषयगत जिम्मेवारीलाई वोध गर्दै संस्थागत रुपमा कृषि उत्पादन र उत्पादक वृद्धिमा हामी सवै संलग्न हुनु पर्ने आजको आवश्यकता हो । रसाइनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वरा सक्तीमा समेत ह्रास आईरहेको चुनौतीलाई हामीले सामना गर्नु पर्दछ । यसर्थ आगामी दिनहरुमा यस संस्थाले कृषि योग्य माटोको संरक्षण र सम्वर्धन गर्दै सदस्यहरुको उत्पादनशिल भूमीहरुलाई वाँझो न राख्ने गरी व्यवस्थापन मिलाउनका साथै अझ रचनात्मक कार्यहरुको शुरुवात गर्ने छ भन्नेमा आशा एवं विश्वास लिएको छु । साथै यस संघले सूचना र प्रविधीमा विशेष जोडदिएको हुँदा सदस्य संस्थाहरुले संस्थागत रुपमा भए/गरेको कामहरुको तथ्यतग विवरणहरुलाई भावि प्रयोजन तथा उपयोगिताका लागि अध्यावधिक गर्दै सुरक्षित र पारदर्शीक रुपमा राख्न समेत म आग्रह गर्दछु । धन्यवाद ।

मितिः २०८३.५.९

भवदीय,

एकराज उप्रेती

(अध्यक्ष)

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

शुभकामना



सहकारीको माध्यमबाट सदस्यहरुलाई सशक्तीकरण गर्दै आर्थिक र सामाजिक जीवनस्तरमा सुधार गरी गरिबी न्यूनिकरण गर्ने उद्देश्यले सूर्यविनायक नगरपालिका वडा नं.७ गुण्डु, भक्तपुरमा स्थापित साना किसान कृषि सहकारी संस्था लि. गुण्डुको यही मिति २०८३ साल असोज ३ गते हुन गईरहेको वार्षिक साधारण सभाको अवसरमा संस्थाले सञ्चालन गरेका कार्यक्रमहरु समावेश गरी वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

गरिबी न्यूनीकरणको अभियानलाई अझ बढी सशक्तढङ्गबाट अघि बढाई विपन्न गरिब सदस्यहरुलाई वित्तीय सेवाका साथै गैह्र-वित्तीय सेवाहरु प्रदान गरी सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नयनका लागि दिगो र गतिशील संस्थाको रुपमा पहिचान कायम गराउन अझै सफलता मिलोस् भन्ने कामना गर्दछु ।

अन्त्यमा, संस्थाको वार्षिक साधारण सभा पूर्ण रुपमा सफल रहोस् र भविष्यमा आउने समस्या तथा चुनौतिको सामना गर्दै आफ्ना सदस्यहरुको समग्र विकास गर्न र नेपालको कृषिमा रुपान्तरण गर्न सफलता प्राप्त होस् भनी साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. परिवारका साथै मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८३/५/१८

.....
(वासु अधिकारी)
प्रमुख कार्यकारी अधिकृत



सविता बस्नेत
अध्यक्ष

अध्यक्षको मन्तव्य

सहकार्यबाट समृद्धि, एकताबाट शक्ति र आत्मनिर्भरताबाट उज्ज्वल भविष्य निर्माण गर्ने पवित्र उद्देश्यका साथ अघि बढिरहेको सानाकिसान कृषि सहकारी संस्था लिमिटेडको यस विशेष अवसरमा संस्थाका सम्पूर्ण शेयर सदस्य, कृषक दाजुभाइ तथा दिदीबहिनी, सञ्चालक समिति, कर्मचारी, सल्लाहकार, शुभेच्छुक तथा सहकारी अभियानमा प्रत्यक्ष-परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मेरो दृष्टिमा सहकारी एउटा संस्था मात्र होइन, साझा विश्वास र सामूहिक समृद्धिको अभियान हो। यसले सदस्यको बचतलाई मात्र व्यवस्थापन गर्दैन; सदस्यको सपना, श्रम, आवश्यकता र सम्भावनालाई पनि जोड्ने काम गर्दछ । त्यसैले सानाकिसान कृषि सहकारीको अध्यक्षका रूपमा मैले प्राप्त गरेको जिम्मेवारीलाई पद वा अधिकारभन्दा माथि उठेर सदस्यहरूले सुम्पनुभएको विश्वास र सेवाको अवसरका रूपमा लिएकी छु ।

मेरो नेतृत्वदृष्टि:

मेरो नेतृत्वको केन्द्रमा सदस्य, संस्था र समुदाय रहनेछन् । संस्थामा आबद्ध प्रत्येक सदस्यले "मेरो आफ्नै संस्था हो" भन्ने अपनत्व महसुस गर्न सक्ने वातावरण निर्माण गर्नु मेरो पहिलो प्राथमिकता रहने छ । सदस्यलाई सुन्ने र बुझ्ने, उचित सुझावलाई निर्णय प्रक्रियामा समेट्ने र संस्थाका गतिविधिबारे सदस्यलाई निरन्तर जानकारी गराउने संस्कारलाई म संस्थागत गर्ने प्रयासमा छु ।

संस्था बलियो हुनका लागि आर्थिक सबलता मात्र पर्याप्त हुँदैन । विश्वास, पारदर्शिता, जवाफदेहिता, सुशासन र विधिको पालना पनि उत्तिकै आवश्यक हुन्छ । त्यसैले सहकारीका मूल्यमान्यता र सिद्धान्तका साथै प्रचलित सहकारीसम्बन्धी ऐन, नियमावली, संस्थाको विनियम, स्वीकृत नीति तथा निर्णयहरूलाई आधार बनाई संस्थालाई विधिसम्मत, पारदर्शी, उत्तरदायी र दिगो ढङ्गले सञ्चालन गर्ने मेरो दृढ प्रतिबद्धता छ ।

संस्थाको पूँजी, सम्पत्ति र स्रोत-साधनलाई सदस्यको हित र संस्थाको दीर्घकालीन विकासमा जिम्मेवार ढङ्गले परिचालन गर्ने, वित्तीय अनुशासन कायम गर्ने, नियमित अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने र संस्थागत सुशासनलाई व्यवहारमै स्थापित गर्ने दिशामा मेरो निरन्तर प्रयास रहनेछ ।

कृषक र कृषि समृद्धिप्रतिको दृष्टिकोण:

सानाकिसानको पहिचान नै कृषि र किसान हो । यसर्थ कृषकको समृद्धि नै सहकारीको वास्तविक समृद्धि हो भन्ने मेरो दृढ विश्वास छ ।

कृषकले उत्पादन गर्ने तर बजार र उचित मूल्य नपाउने वा आधुनिक प्रविधि र आवश्यक ज्ञानबाट वञ्चित हुनुपर्ने अवस्था क्रमशः अन्त्य गर्न सहकारीको प्रयास निरन्तर छ । उत्पादनदेखि बजारीकरणसम्म कृषकलाई सहकारीसँग जोड्ने, आधुनिक कृषि प्रविधि र सीपको पहुँच बढाउने, कृषि उद्यमशीलतालाई प्रोत्साहन गर्ने तथा स्थानीय उत्पादनलाई बजारसँग जोड्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउने मेरो सोच छ ।

त्यसैगरी महिला र युवाको सक्रिय सहभागिता बिना दिगो सहकारी निर्माण सम्भव छैन । महिलालाई नेतृत्व र उद्यमशीलताका अवसर तथा युवालाई सीप, प्रविधि र व्यवसायसँग जोड्दै उनीहरूको ऊर्जा र क्षमतालाई संस्थाको विकासमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

समयअनुकूल र प्रविधिमैत्री सहकारी:

आजको समय परिवर्तनशील छ । प्रविधिको विकाससँगै सदस्यका आवश्यकता र अपेक्षाहरु पनि परिवर्तन भइरहेका छन् । त्यसैले हाम्रो सहकारी पनि समयअनुकूल परिवर्तन हुनुपर्छ । सरल, छिटो, सुरक्षित र प्रविधिमैत्री सेवा, व्यवस्थित अभिलेख, पारदर्शी कारोबार तथा व्यावसायिक व्यवस्थापनमार्फत सदस्यलाई सहज र गुणस्तरीय सेवा प्रदान गर्ने दिशामा संस्थालाई अघि बढाउनु मेरो प्राथमिकता रहनेछ ।

मेरो प्रतिबद्धता:

अध्यक्षका रूपमा म भन्नेभन्दा गर्ने, देखाउनेभन्दा परिणाम दिने र एक्लै अघि बढ्नेभन्दा सबैलाई साथ लिएर अघि बढ्ने नेतृत्वमा विश्वास गर्छु । संस्थाको हितमा आवश्यक निर्णय गर्दा निष्पक्षता र तथ्यलाई आधार बनाउनेछु । आलोचनालाई सुधारको अवसरका रूपमा लिनेछु । सदस्यको गुनासोलाई बेवास्ता होइन, समाधान खोज्ने विषयका रूपमा लिनेछु । संस्थाका स्रोत-साधनको प्रयोगमा मितव्ययिता, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता दिनेछु ।

म चाहन्छु :

- कृषकले सहकारीबाट भरोसा पाओस्,
- सदस्यले सहकारीबाट सम्मान पाओस्,
- युवाले सहकारीबाट अवसर पाओस्,
- महिलाले सहकारीबाट नेतृत्वको स्थान पाओस्,
- र समुदायले सहकारीबाट समृद्धिको आधार पाओस् ।

मेरो नेतृत्वको वास्तविक सफलता पद, प्रशंसा वा व्यक्तिगत उपलब्धिमा होइन; सदस्यको जीवनमा आएको सकारात्मक परिवर्तन र संस्थाप्रतिको बढ्दो विश्वासमा हुनेछ । कुनै सदस्यले आफ्नो व्यवसाय विस्तार गर्न सकेको, कुनै कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाएको, कुनै युवाले आफ्नै ठाउँमा रोजगारीको सम्भावना देखेको र कुनै महिलाले आत्मनिर्भर बन्ने अवसर पाएको क्षणलाई म संस्थाको सफलताको वास्तविक उपलब्धि ठान्नेछु ।

अन्ततः सहकारीको यात्रा कुनै एक व्यक्ति वा समितिको मात्र यात्रा होइन। यो हामी सबै सदस्यको साझा यात्रा हो । त्यसैले सञ्चालक समिति, कर्मचारी, शेयर सदस्य, स्थानीय समुदाय तथा सम्पूर्ण शुभेच्छुकहरु बीच आपसी विश्वास, सहकार्य, संवाद र जिम्मेवारीबोधलाई अझ मजबुत बनाउँदै अघि बढ्न सबैमा हार्दिक आह्वान गर्दछु ।

सहकारिताको मूल्य र सिद्धान्तलाई व्यवहारमा उतार्दै, नीति, नियम र कानुनको पूर्ण सम्मान गर्दै, पारदर्शिता र सुशासनलाई आधार बनाउँदै तथा सदस्यको हितलाई केन्द्रमा राख्दै सानाकिसान कृषि सहकारी संस्थालाई अझ सबल, सक्षम, विश्वसनीय, आधुनिक र दिगो संस्थाका रूपमा स्थापित गर्ने मेरो अठोट छ ।

सहकारितामा एकता,
कृषिमा आत्मनिर्भरता,
उद्यमशीलतामा अवसर,
सुशासनमा विश्वास
र सामूहिक प्रयासमा समृद्धि । यही हाम्रो साझा संकल्प हो ।

सानाकिसान कृषि सहकारी संस्था लिमिटेडको निरन्तर प्रगति, संस्थागत सुदृढीकरण तथा सम्पूर्ण सदस्यहरूको सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि र उज्ज्वल भविष्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

मितिः २०८३।०६।०३ गते

सबिता बस्नेत
अध्यक्ष

प्रतिबद्धता



अजय रिसाल
प्रबन्धक
मितिः २०८३ असोज ३

आदरणीय सभापतिज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, यस गरिमामय सभाका प्रमुख अतिथि एवं विशिष्ट अतिथिद्वय, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, मेरा आदरणीय शेयरधनी सदस्यज्यूहरु, कर्मचारी साथीहरु तथा यहाँ उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरु।

आज मिति २०८३ साल असोज ३ गते शनिबारका दिन सम्पन्न भइरहेको यस साना किसान कृषि सहकारी संस्था लिमिटेडको १२औं वार्षिक साधारण सभामा संस्थाको प्रबन्धकको हैसियतले व्यवस्थापन पक्ष र संस्थाको समग्र वस्तुस्थितिबारे आफ्नो मन्तव्य राख्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु । यहाँहरु सम्पूर्णमा व्यवस्थापन परिवार र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

आज म यस मञ्चबाट संस्थाको प्रशासनिक व्यवस्थापन (Administrative Management) र कार्यान्वयन पक्ष (Execution Aspect) सम्बन्धी विवरण संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु।

१. प्रशासनिक व्यवस्थापन (Administrative Management) **तर्फ**

हाम्रो संस्था वि.सं. २०७१ साल कार्तिक ३० गते मात्र ५० जना आदरणीय सदस्यहरूको उत्साहजनक भेलाबाट सुरू भएको थियो। आज १२औं वर्षमा आइपुग्दा यो संख्या बढेर १,७४५ जना सदस्यहरूको विशाल परिवार बनेको छ । संस्थालाई व्यवस्थित, पारदर्शी र दिगो बनाउने मुख्य जिम्मेवारी व्यवस्थापनको काँधमा रहने हुँदा हामीले निम्न आधारभूत प्रशासनिक संरचनालाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएका छौं:

✦ **कार्ययोजना निर्माण र बजेटिङ**:

संस्थाको समिति, उपसमिति, समूहका अध्यक्ष, सल्लाहकार तथा कर्मचारी परिवारको सक्रिय सहभागितामा प्रत्येक आर्थिक वर्षको सुरूवातमानै वार्षिक कार्ययोजना तथा अनुमानित बजेट निर्माण गरी त्यसैको परिधिभित्र रहेर कार्य गर्ने परिपाटी बसालेका छौं ।

✦ **कर्मचारी व्यवस्थापन र क्षमता विकास**:

हाल संस्थामा प्रबन्धक, लेखापाल, कर्जा अधिकृत, सहायक उत्प्रेरक र कार्यालय सहायक कार्यरत छौ। हामीले कर्मचारीहरूको कार्यदक्षता बढाउन आन्तरिक तालिम, मासिक प्रगति मूल्यांकन र उत्प्रेरणा प्रणालीलाई संस्थागत गरेका छौं ।

✦ **चुस्त लेखा प्रणाली**:

संस्थाको आर्थिक कारोबारलाई अत्याधुनिक, सुरक्षित र पारदर्शी बनाउन हामीले ँक्ष्ल द्यक्ष्त क्ष्त क्ष्ीग्त्क्ष्इल को कम्प्युटराइज्ड लेखा प्रणाली प्रयोग गर्दै आएका छौं ।

✦ **सदस्य पहिलो नीति** (Member First Policy)

हामीले "सदस्य पहिलो नीति" लाई आत्मसात् गर्दै सदस्यहरूलाई सस्तो ब्याजमा कर्जा, बचतमा उच्च प्रतिफल, विभिन्न सीपमूलक तालिम, कृषि परामर्श, बीउ-बिजन, मल तथा कृषि यन्त्र सहजै उपलब्ध गराउँदै आएका छौं ।

२. कार्यान्वयन पक्ष (Execution Part) **तर्फ**

नीति र योजना कागजमा मात्र सीमित नभई त्यसको सफल कार्यान्वयन हुनुनै संस्थाको स्थायित्व र सदस्यहरूको विश्वासको मेरूदण्ड हो । विगत एक वर्षमा व्यवस्थापन पक्षले निम्न कार्यहरु सफलतापूर्वक कार्यान्वयन गरेको छ ।

✦ **अनुदान कर्जा** (Subsidy Loan) **कार्यक्रम**:

सरकार तथा विभिन्न निकायहरूसँगको सहकार्य र अनुदानका आधारमा हाम्रा कृषक सदस्यहरूलाई व्यावसायिक कृषि तथा पशुपालनका लागि सस्तो ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराएका छौं ।

✦ **कृषि प्रविधि तथा सामग्री वितरण**:

कृषक सदस्यहरूको उत्पादन बढाउन गुणस्तरीय फूलका बिरूवा (Flower Seedlings), उन्नत तरकारीको बीउ, प्लास्टिक टनेल र आधुनिक कृषि उपकरणहरु अनुदान तथा विशेष सहुलियत दरमा वितरण गरिएको छ।

चुनौतीहरू र समाधानका उपायहरू

आदरणीय सदस्यज्यूहरु, संस्था सञ्चालनको यो यात्रा सधैं सहज मात्र रहेन। कार्यक्षेत्रमा हामीले केही व्यावहारिक चुनौतीहरु पनि भोगेका छौं, जसलाई हामीले सामूहिक प्रयासबाट समाधान गर्ने कोसिस गरिरहेका छौं:

हामीले भोगेका चुनौतीहरू	व्यवस्थापनले चालेका समाधानका कदमहरू
ग्रामीण क्षेत्रमा वित्तीय साक्षरताको कमी	वित्तीय सचेतना तालिम, माइकिङ र साक्षरता कक्षा सञ्चालन
कर्जा असुली तथा फिर्तीमा हुने ढिलाइ	कर्जापूर्व परामर्श (Pre–loan counseling), नियमित अनुगमन र ताकेता (Follow–up)
आधुनिक प्रविधिको सीमित प्रयोग	संस्थालाई चरणबद्ध रूपमा पूर्ण प्रविधिमैत्री (डिजिटल) बनाउने योजना
उपलब्ध जनशक्तिको कम उपयोग	कर्मचारीहरूलाई बहुउपयोगी क्षमता विकास (Multi–tasking) तालिम

हाम्रो भावी दृष्टिकोण (Vision Ahead)

हामी यस संस्थालाई केवल कर्जा लेनदेन गर्ने सहकारीको रूपमा मात्र सीमित राख्न चाहँदैनौं । हाम्रो लक्ष्य यसलाई "सामुदायिक आर्थिक विकासको केन्द्र बनाउनु हो । यसका लागि व्यवस्थापनले निम्न दीर्घकालीन रणनीतिका साथ काम गरिरहेको छ:

१. संस्थालाई पूर्ण रूपमा डिजिटलाइज्ड (Fully Digitalized Cooperative) बनाउने ।
२. कृषि र स्थानीय लघु उद्यमको प्रमुख वित्तीय भागीदार बन्ने ।
३. महिला र युवाहरूलाई आत्मनिर्भर बनाउन विशेष सबलीकरण प्लेटफर्म तयार गर्ने ।
४. पूर्ण रूपमा पारदर्शी, जवाफदेही र सदस्य-केन्द्रित सेवा प्रवाह गर्ने ।
५. दीर्घकालीन योजना अन्तर्गत आफ्नै कृषि सुपरमार्केट, व्यवस्थित गोदाम (Cold Storage/Warehouse) र मूल्य श्रृंखला (Value Chain) व्यवस्थापनमा प्रवेश गर्ने ।
६. कृषि उपज संकलन केन्द्र तथा संस्थागत प्रशासनिक भवन निर्माण गर्ने ।

निष्कर्ष

अन्त्यमा, सहकारीको यो सफलता तपाईं आदरणीय सदस्यहरूको अटुट विश्वास, सञ्चालक समितिको सही मार्गदर्शन र मेरा मेहनती कर्मचारी साथीहरूको अहोरात्र खटाईको प्रतिफल हो । व्यवस्थापन प्रमुखको हैसियतले म र मेरो सम्पूर्ण कर्मचारी टिम सधैं पारदर्शिता, अनुशासन र सेवामुखी भावनाका साथ संस्थाको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।
तपाईंहरूको सक्रिय सहभागिता र निगरानी बिना कुनै पनि संस्था सफल हुन सक्दैन । त्यसैले भन्न चाहन्छु– '**सहकारी तपाईंको हो, सहभागिता र निगरानी तपाईंको उत्तरदायित्व हो ।**'
पुनः एकपटक उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै १२ औं वार्षिक साधारण सभाको पूर्ण भव्यता र सफलताको कामना गर्दछु । नजिकिदै गरेको बिजया दशमी, दिपावली तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी ! जय साना किसान ! ! धन्यवाद !
मिति २०८३ असोज ३ गते



उत्तम सापकोटा
उपाध्यक्ष

संचालक समितिको तर्फबाट प्रस्तुत

वार्षिक प्रतिवेदन २०८२/०८३
एवम् २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट

संस्थाको उपाध्यक्षको हैसियतले संचालक समितिको तर्फवाट ०८२/०८३ को प्रगति प्रतिवेदन तथा चालु आ.व को निति, कार्यक्रम र बजेट पेश गर्ने अवसरका लागि हार्दिक कृतज्ञ छु । नेपालमा सहकारी अभियान मार्फत सामाजिक रुपान्तरण, वित्तीय तथा सामाजिक सचेतना, स्थानिय स्तरमा स्रोत परिचालन र नेतृत्व विकासमा उल्लेखनिय योगदान पुगेको छ । तथापी मुल्यमान्यता र सुसासनवाट विचलित केही संघ संस्थाहरुका कारण यो क्षेत्र केही धमिलो हुन पुगे जस्तो, आमजनमानसमा फरक दृष्टी/ बुझाई रहे जस्तो भान हुन्छ आज भोली विभिन्न सामाजिक सञ्जाल, पत्रपत्रिका र मिडीयाहरु नियाल्ने हो भने, यसर्थ सबैलाई एउटै नजरले हेर्नु र बुझ्नु गलत हुन्छ । परन्तु, सहकारी संघ संस्थाहरुमा शेयरसदस्यहरुले आफ्नो कर्तव्य र जिम्मेवारी पालना गर्दै मूल्यमान्यता सिद्धान्त सहित समुदाय र सदस्य केन्द्रीत रहँदै निती, विधी र प्रविधीमा हिँड्न हिडाउन सके कुनै समस्या नआउने देखिन्छ । जहाँ यस्तै संघ सस्थाहरुले मात्र सदस्यको विश्वास जितेको पाइन्छ। यस मध्य सफल उदाहरण सानाकिसान कृषी सहकारी संस्था ली. सुनपा-७ गुण्डु हुन सक्छ ।

साना किसान लघुवित्त वित्तीय संस्था लि. बाट २०७३/०२/२२ गते हस्तारण, प्रवर्द्धन गरीएको भक्तपुर जिल्ला कै "साना किसान" प्रकृतीको एक मात्र संस्था साना किसान कृषि सहकारी संस्था लि सु.न.पा.-७ गुण्डु २०७१।०७।३० गते स्थापना भएको हो । "एकका लागि सबै, सबैका लागि एक" भन्ने नारा सहित मूलत जिवीकोपार्जन पेशाको प्रवर्द्धन, वित्तिय सेवा, कल्याणकारी सेवा सहीत कृषिक्षेत्रको प्रवर्द्धनमा विगत १२ वर्ष देखि कृयाशिल छ । आदरणीय शेयर सदस्य महानुभावहरु, सभापती ज्यूको आज्ञाले म आ.व २०८२/०८३ को संक्षिप्त कार्य प्रगति प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. स्थापनाको पृष्ठभुमी

- २०७१।४।१६ गते विभिन्न पेशा व्यवसायका २७ जना व्यक्तिहरू उपस्थिति रही संस्था खोल्ने विषयमा प्रारम्भीक भेला र छलफल ।
- २०७१।०७।३० गते तत्कालीन डिभिजन सहकारी कार्यालय भक्तपुरमा सहकारी ऐन २०४८ अनुसार औपचारिक दर्ता, दर्ता नं. ६६६-०७१।०७२ ।
- आ.रा.का भक्तपुरबाट पान नं. ६०२९२९४९३ प्राप्त ।
- स्थापना हुँदा २७ जना सदस्य, श्री रामेश्वर वाग्ले-अध्यक्ष ।
- स्थापना हुँदाको पुँजीः २७,०००।-
- नाराः "एकका लागि सबै, सबैका लागि एक"
- ठेगाना : गुण्डु -३, भक्तपुर ।
- मूल ध्यय : "सहकारी मार्फत कृषि क्षेत्रको प्रवर्द्धन" ।
- सानाकिसान कार्यक्रमका लागि २०७३।०२।२२ गतेका दिन सानाकिसान विकास लघु वित्तिय संस्था लि. (साना किसान बैंक) बाट हस्तान्तरण ।
- तत्कालीन कार्यक्षेत्रः गुण्डु, दधिकोट, कटुन्जे र सिपाडोल गा.वि.स.मा हाल सु.न.पा. भरी ।

२. संस्थाको एघारौं वार्षिक साधारणसभा-

संचालन मितिः २०८२।०६।२४ गते

स्थानः हिमाल एकेडेमी ब्लक बि. प्राङ्गण

प्रमुख अतिथि : स्थानीय ज्येष्ठ नागरिक

उपस्थिति : १३४४ जना (७३%) सदस्यको उपस्थिति

सभाले गरेको मुख्य निर्णय : आ.व. २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट स्वीकृती, लेखा परिक्षक नियुक्ति तथा कार्यबिधि संशोधन, जग्गा खरिद आदि ।

३. सदस्यता:

संस्था आ.व. ०८१।०८२ मा १८४८ जना सदस्य रहेकोमा अस्थायी तथा निस्क्रिय सदस्य घटाई १२५६ महिला ४७५ पुरूष संस्थागत १४ गरी १७४५ सदस्यहरू साना किसानमा संगठित हुनुहुन्छ । जुन अघिल्लो आ.व.को तुलनामा ५.५७% ले न्यून हो ।

४. वित्तीय प्रगती

क. सम्पत्ती दायित्व (वासलात): संस्थाको वासलात अनुसार सम्पत्ती दायित्वमा आघिल्लो आ.व.को तुलनामा ११.९५% ले वृद्धि भई रू. १४ करोड ४ लाख ३६ हजार ३ सय ७७ रूपैयाँ ०५ पैसा पुगेको छ ।

ख. शेयर पूँजी: २०८३ आषाढ मसान्त सम्म अघिल्लो आ.व. को शेयर पूँजीमा १४.२४% ले वृद्धि भई रू १ करोड ४७ लाख १६ हजार ६ सय रूपैया पुगेको छ ।

ग. निक्षेप : संस्थाको (समुह बचत, व्यक्तिगत, बाल, पेवा .....) आदि ९ ओटा बचत कार्यक्रमबाट ०८२ आषाढ मसान्त सम्मको निक्षेपमा १९.३८% ले वृद्धि भई ०८३ आषाढ मसान्त सम्म रू. ८ करोड ४८ लाख १९ हजार ४ सय ३० रूपैंया ५१ पैसा पुगेको छ ।

घ. संचालन नाफा नोक्सान (आय व्यय): आ. व. ०८२।०८३ मा विभिन्न शिर्षकबाट रू.,१,५८,४१,३६५।७२ आम्दानी भई विनियोजित विभिन्न शिर्षकमा रू.,१,१७,९७,३२८।१६ खर्च भई बाँकी हुन आउने बाट १०% कर कट्टी गरी रू. ४०,४४,०३७।५६ खुद बचत (खुद नाफा) हुन आएको छ । जसलाई सहकारी ऐन तथा संस्थाको विनियम २०८० बमोजिम वभिन्न कोषमा विभाजन गरिएको छ जुन विस्तृत रूपमा अनुसुची २ मा उल्लेख छ ।

ङ. ऋण लगानी : संस्थाले वाग्मती प्रदेशको ३% को सहुलीयत कर्जा, साना किसान बैंकको ५% - ९% कृषि, ग्रामिण उद्यम कर्जा तथा पशु कर्जा र संस्थाको आन्तरीक श्रोतको कर्जा मार्फत सदस्यलाई सहयोग पुऱ्याउदै आएको छ । जुन यस आ.व. मा थप रू. ६,०३,९७,०००।०० लगानी भई रू. ५,३१,८१,५१८।०३ असुली भएर रू. १०,५४,७६,७९०।३५ उठ्न बाँकी रहेको छ ।

च. स्थिति विवरण (वासलात सम्पति २०८३ आषाढ सम्म)

	बिबरण	यथार्थ २०८१।०८२ आषाढ	लक्ष्य २०८२।२०८३	यथार्थ २०८२।०८३ आषाढ	लक्ष्यको प्रगति %	अघील्लो आ.ब. भन्दा प्रगति
१	सम्पत्ति सामान/ स्थिर सम्पत्ति	७,२३,३५९/-	५,८५,१८०/-	९१,७८,२७९/-	१५६८.४५	११६८.८४
२	शेयर/अन्य लगानि	६,५८,८७९/-	७,१४,८७९/-	१०,६१,४२९/-	१४८.४८	६१.१०
३	ऋण लगानि	९,८२,६१,३०८/-	१२,८४,४९,९४१/-	१०,५४,७६,७९०/-	८२.१२	०७.३४
४	पाउनु पर्ने ब्याज/अन्य	२७,१४,१०२/-	४०,००,०००/-	३४,०६,५३५/-	८५.१६	२५.५१
५	सम्पत्ति सामान अन्य सम्पती	३,५४,४२४/-	२,५०,०००/-	१,७२,९४२/-	६९.१८	-५१.२०
६	तरलता(नगद/बैक)	२,२७,३७,१४५/-	१,६०,००,०००/-	२,११,४०,४०२/-	१३२.१३	-७.२
	जम्मा	१२,५४,४९,२१७/-	१५,००,००,०००/-	१४,०४,३६,३७७/-	९३.६२	

छ. स्थिति विवरण (वासलात दायित्व २०८१ आषाढ सम्म)

	बिबरण	यथार्थ २०८१।०८२ आषाढ	लक्ष्य २०८२।२०८३	यथार्थ २०८२।०८३आषाढ	लक्ष्यको प्रगति %	अघील्लो आ.ब. भन्दा प्रगति
१	शेयर पूँजी	१,२८,८२,९००/-	१,५०,००,०००.००	१,४७,१६,६००/-	९८.११	१४.२३
२	जगेडा तथा अन्य कोष	९१,०३,३६०/-	६५,००,०००.००	१,१९,७२,४१९/-	१८४.१९	३१.५२
३	बचत (निक्षेप)	७,१०,४७,२६४/-	८,६०,२८,५००.००	८,४८,१९,४३१/-	९८.५९	१९.३४
४	बाह्य ऋण सापटि	२,५१,३१,५००/-	३,१०,७१,५००.००	१,९९,९७,५००/-	६४.३६	-२०.४२
५	अन्य दायित्व	२१,२९,७५८/-	१७,५०,०००.००	१९,०४,२९५/-	१०८.८२	-१०.५९
६	कन्ट्रा व्याज	२७,१४,१०२/-	३०,००,०००.००	३४,०६,५३५/-	११३.५५	२५.५१
७	ऋण सुरक्षण कोष	२४,४०,३३३/-	२५,००,०००.००	३१,७०,२५८/-	१२६.८१	२९.९१
८	नाफा/नोक्सान	कोषमा रकमान्तरण	४१,५०,०००.००	कोषमा रकमान्तरण	-	-
७	जम्मा	१२,५४,४९,२१७/-	१५,००,००,०००.००	१४,०४,३६,३७७/-	९३.६२	

५. तालिम शिक्षा कार्यक्रम:

क) संस्थाले आफ्ना लघुवित्त समुहका सदस्यलाई समेटी ६९ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा सप्ताह व्यापी समूह शुदृढिकरण तथा वित्तीय साक्षरता कार्यक्रम ९ वटा केन्द्रहरूमा संचालन गरेको थियो जहाँ ४६० जना शेयर सदस्यहरू सहभागि हुनु भएको थियो ।





ख) पुष्प/तरकारी खेतीलाई आधुनिकिकरण र व्यवसायीकीकरणका लागि कृषकहरूलाई सयपत्री फूल तथा तरकारी रोप्नु अगाडि पुष्प/तरकारी खेती सम्बन्धी अभिमुखिकिकरण तालिम अनुभवी प्राविधिक मार्फत सम्पन्न गराईएको छ । पुष्प खेती तालिम कार्यक्रममा ६४ जना सहभागी ।



ग) संस्थाले सा.कि.ल.वि.वि.स. ली. को सहयोगमा सदस्यका छोराछोरीलाई उच्च स्तरको कृषि तालिम उपलब्ध गराउन २ जनालाई इजरायल पठाएको छ । जस मध्य २ जना तालिम सम्पन्न गरि फर्कि सकनु भएको छ ।

६. आवद्धता/इजाजत/सूचिकृत

क) नेपाल केन्द्रीय कृषि सहकारी संघ लि.

ख) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

ग) राष्ट्रिय सहकारी बैक

घ) जिल्ला सहकारी संघ लि. भक्तपुर

ङ) राष्ट्रिय सहकारी नियमण प्राधिकरण

च) कर्जा सूचना केन्द्र

छ) जिल्ला कृषि सहकारी संघ लि. भक्तपुर

ज) सूर्यविनायक नगर पालिका

७. कार्यालय संचालन तथा व्यवस्थापन : संस्थाको कार्यालय देहाय बमोजिका कर्मचारीहरू मार्फत देहाय बमोजिम दैनिक कार्यको सम्पादन हुदै आइरहेको छ ।

बार	कार्यालय समय	संस्थामा कारोवार समय
सोमबार - शुक्रबार	विहान ९:००-५:००	९:१५-४:३० बजे सम्म
सोमबार - शुक्रबार	विहान ९:००-४:००	कार्त्तिक १५ गते देखि माघ १५ गते सम्म ९:१५ - ३:३० सम्म

सार्वजनिक विदाको दिन कार्यालय बन्द रहनेछ तर लघुवित्त कार्यक्रमका समुहहरूमा उत्प्रेरक मार्फत हुने सेवा निरन्तर रहने छ ।

८. सामाजिक र सामुदायिक कार्य :

क) राहतकोष: संस्थाको आन्तरिक श्रोतबाट वार्षिक रूपमा सदस्यहरूको लागि राहत रकम विनियोजन गरी सदस्य स्वयम्को मृत्यु हुँदा रू. ४०००।- र सदस्यको एकाघर परिवारको मृत्यु हुँदा रू. २०००।- प्रदान गर्ने गरिएको छ ।



ख) सामुदायिक विकास कोष: यस संस्थाको सामुदायिक विकास कोष र सा.कि.वि.ल.वि.सं.लि. को समन्वयमा यस वर्ष कार्यालयको ५० मिटर उत्तर तर्फको दुरीमा रहेको अस्थायी प्रहरी पोष्ट सू.न.पा. ७ गुण्डुको छानो पुनः निर्माणको लागि रू. २,५०,०००।- सहयोग गरीएको छ ।



ग) सामाजिक कार्य : यस संस्था र भक्तपुर क्यान्सर अस्पतालको समन्वयमा संस्थाको स्थापना दिवसको अवसर पारेर मिति २०८२ कात्तिक २९ गतेका दिन महिला सदस्य लक्षित पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर स्क्रिनिङ्ग सम्बन्धि एक दिने स्वास्थ्य शिविर संचालन गरिएको छ । जहाँ १०४ जना महिला सदस्यको सहभागिता रहेको छ ।



९. संस्थागत विकास कार्यक्रम:

क) बजेट कार्यशाला गोष्ठी

संस्थाले संचालक शेयर सदस्यहरूको उपस्थितिमा मिति ०८३।०३।२८ गते एभर ग्रीन स्केप रिसोर्ट सु.न.पा. ६, भक्तपुरमा वार्षिक समिक्षा तथा निती, कार्यक्रम र बजेट निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो ।



ख) स्थापना दिवस:

मिति २०८२/०७/३० गर्ने संस्थाको समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति कर्मचारी तथा सदस्यहरूद्वारा समिक्षा कार्यक्रम, चियापान तथा शुभकामना आदानप्रदान गरी स्थापना दिवस मनाईएको थियो ।



ग) अर्धवार्षिक समिक्षा:

संस्थाले शेयर सदस्यहरूको उपस्थितिमा अर्धवार्षिक समिक्षा कार्यक्रम मिति २०८२।१०।०९ र १० गते संचालन गरेको थियो ।

१०. कृषि प्रवर्द्धन कार्यक्रम



क. कृषि कार्यमा यान्त्रीकरणलाई प्रोत्साहन गरी आय आर्जनमा थप टेवा पुऱ्याउन यस आ.व. देखि आन्तरिक कृषि प्रबर्द्धन कोष व्यवस्थापन गरी १५% अनुदानमा संस्थाका ६ जना कृषक सुदस्यहरूलाई कृषि औजार (MIni Triller) वितरण गरिएका थियो ।



ख. सुर्यविनायक नगरपालिकाको सहयोगमा व्यावसायिक पुष्प खेती (सयपत्री फुल) गर्न चाहने कृषकहरूलाई ७०% अनुदानमा ५७,२०० वटा सयपत्री फुलको बेर्ना २३५ जना कृषकहरूलाई वितरण गरिएको थियो ।



ग. संस्थाले हरेक सदस्यलाई (१७४५ जना) निजहरूको कौशी तथा करेशा बारीको उपयोग गराउदै स्वस्थ उत्पादन र उपभोगमा अभ्यस्त गराउन हिउँदे तथा वर्षे मौसममा वर्षको २ पटक (मिनी सिड प्याड) विभिन्न ११ प्रकारको १७४५ वटा पाकेट बनाई बिउविजन निशुल्क वितरण गर्दै आइरहेको छ ।

घ. कृषकको उत्पादनमा थप टेवा पुऱ्याई आय बृद्धि गराउन संस्थाले रसायनिक मलको डिलरसिप प्राप्त गरी सहुलियत दरमा रसायनिक मल बिक्रि वितरण गर्दै आईरहेको छ । यस आ.व. मा ४२.२५ टन मल विक्रि वितरण गरिएको छ ।

ङ. कृषक सदस्यको खेती गर्ने माटोको स्तर वृद्धि गर्न कृषि चुन र कृषि क्रान्ति (माटोको भिटामिन) विक्रि गरिएको छ ।

११. बैठक:

संस्थामा नियमानुसार सम्बन्धीत समिति तथा उपसमितिको बैठक बसी आवश्यक निर्णय लिने गरिएको व्यवहोरा अनुरोध छ र आ.व. २०८२/०८३ मा देहाय बमोजिम बैठक भएको थियो ।


संचालक समिति : २२ पटक
लेखा समिति : ४ पटक
ऋण उपसमिति : २० पटक
कृषि उप समिति : ३ पटक
तालिम शिक्षा उप समिति : ३ पटक

१२. संस्थाले गरेका प्रमुख क्रियाकलापहरू



(क) छरिएर रहेको पूँजीलाई एकिकृत गरी लघु वित्त कार्यक्रम मार्फत विशेषत महिलाहरूको वृत्ति विकासमा टेवा पुऱ्याउन साना किसान लघु वित्त कार्यक्रम अन्तर्गत समुह बैठक ।

ख. सदस्यलाई बैंकिङ सेवा पुऱ्याउन संस्थाको कार्यालयमा काउण्टर सेवा ।



ग. यस संस्थामा सा.कि.वि.ल.वि. संस्था लि. का साझेदार दोलखा सिन्धुपाल्चोक, सोलुखुम्बु, काठमाडौं, ललितपुर जिल्लाका साना किसान सहकारी संस्थाहरूको कर्मचारीहरूका लागि १५ दिने स्थलगत लेखा तालिम (**OJT**) ।





घ. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. तथा साना किसान गुण्डुको समन्वयमा गरिएको सहकारी तथा बित्तिय शिक्षा कार्यक्रम ।



ङ. आ.ब २०८०।०८१ मा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. तथा एसियाली डेभलपमेन्ट बैंकद्वारा संस्था तथा कृषक सदस्यहरूको कृषि क्षेत्र अवलोकन ।



च. संस्थाको २०८३ सालको क्यालेन्डर लोकार्पण र सदस्यलाई वितरण ।



छ. संस्थाको वित्तिय सहयोग मार्फत सदस्यले गर्नु भएको व्यवसायहरू:-







१२. प्रकाशन : संस्थाले आफ्ना विभिन्न गतिविधिहरू परिवर्तित निति कार्यविधिहरू, आयव्यय, बजेट तथा अन्य गतिविधिहरू समेटी वार्षिक प्रतिवेदन प्रकाशन गरी साधारण सभामा वितरण गर्दै आइरहेको छ । यस्तै संस्थाको संक्षिप्त चिनारी (ब्रोसर) तथा नयाँ वर्षका अवसरमा भित्तेपात्रो (क्यालेण्डर) समेत छपाई गरी वितरण गरिदै आइरहेको छ । विशेष कार्यक्रम एवं सन्देशहरू संस्थाको फेसबुक पेज (सानाकिसान गुण्डू), वेभसाइत मार्फत पनि जानकारी गर्ने गरिएको व्यहोरा अनुरोध छ ।

आदरणीय सभाध्यक्ष महोदय तथा शेयर सदस्य महानुभावहरू, अब म आ.व २०८३।०८४ मा संस्थाले लिने निती, कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु । अघिल्लो आ.व.को तुलनामा समग्रमा ७% ले वृद्धि देखिन्छ ।

१३. नीतिहरू:-

नीति २०८२।०८३

- ✦ त्रिवर्षिय रणनितिक योजना तयार गरि लागु गरिनेछ ।
- ✦ आबद्ध संघ, बैक र स्थानियतहसंग समन्वयमा थप कार्यक्रम संचालन गरिने छ ।
- ✦ कर्मचारि, संचालक, लेखासमिति तथा बिभिन्न उपसमितिका पदाधिकारि तथा सदस्यहरूको क्षमता अभिबृध्दि तालिम संचालन गरिने छ । जिल्ला, प्रदेश संघ, स्थानिय तह तथा बैकहरूले आयोजना गर्ने यस्ता कार्यक्रमहरूमा सहभागि गराईने छ ।
- ✦ कार्यक्षेत्र भित्र सहकारि शिक्षा,बिस्तारितमंच,सामाजिक तथा सामुदायिक कार्य एवं समान उध्देश्य भएका सहकारि संस्थासंग एकिकरण गर्दै सदस्यता बृध्दि गरिने छ । दिगो सदस्यता बृध्दिसंगै शेयर पुँजि समेत स्वत बृद्धि हुनेछ । प्राथमीक पुँजीकोषका आधारमा बचत तथा ऋण तय हुने हुनाले शेयर बृध्दिकोलागि हरेक सदस्यलाई कम्तिमा ५० कित्ता शेयर खरिद गर्न प्रोत्साहन गरिनेछ ।
- ✦ समुहगत बित्तिय साक्षरता तालीम संचालन गर्ने ।
- ✦ बचत संकलन तथा ऋण सिमा परिमार्जन एवं व्याजलाई प्रतिस्पर्धी बनाईने छ ।
- ✦ लघुबित्त समुहहरू बिस्तार गर्ने ।
- ✦ समुह व्यवस्थापनलाई सहज गराउन त्रैमासिक समुह अनुगमन गर्ने ।
- ✦ मौसमी ऋणको व्यवस्थापन गर्ने ।
- ✦ समुह अध्यक्षको लागी प्रोत्साहन हुने कार्यक्रम तय गर्ने ।
- ✦ सदस्यहरूको उत्पादन कृषि उपजको बजारीकरण गर्ने पहल गर्ने ।
- ✦ बिद्यालयहरू संग समन्वय गरी कम्तिमा एक पटक बार्षिक बित्तिय साक्षरताको कक्षा संचालन गर्ने ।
- ✦ सदस्यलाई तालिम प्रदान गर्ने (साबुन बनाउने, अचारबनाउने, मौरीपालन, उद्यमशीलता बिकास) ।
- ✦ ऋण लगानि गर्दा उत्पादन, आय, सिप तथा रोजगारमुलक क्षेत्रलाई विशेष प्रथामिकता दिईने छ । ऋण लगानि गर्दा प्राथमिक पूँजीकोषको १५% को सिमा कायम गरिनेछ । अनिवार्य किस्ताप्रणालि (मासिक, त्रैमासिक, चौमासिक) मा ऋण लगानी गरी थप ऋण लगानि रकम वृद्धि गरिने छ ।
- ✦ सदस्यको आवश्यक्ता माग र सुझाबको आधारमा कार्यक्रम गर्ने ।
- ✦ गुनासो सुनुवाई समितिको गठन गरिने छ ।
- ✦ कर्जा असुली न्यायधीकरण, प्रदेश संघहरूमा आबद्धता जनाईने छ ।
- ✦ निति, बिधि र प्रबिधिमा रहदै समय सापेक्ष सदस्यहरूलाई प्रतिस्प्रर्धि वित्तीय सेवा सहज र सरल ढंगले प्रदान गर्दै संस्थागत सुशासन कायम गरिने छ । मोबाईल बैंकिङ सेवाको थालनिको प्रयास गरिनेछ ।
- ✦ संस्थागत कृषि व्यवसाय, व्यवसाय तथा परियोजना संचालन ।

कृषी निति

- ✦ गुणस्तरिय बिउबिजन वितरणलाई निरन्तरता दिने ।
- ✦ आबद्ध सँघ (साना किसान, सहकारी) बैंक, युवा स्वरोजगार कोष र स्थानीयतह सँगको समन्वयमा थप कृषि सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- ✦ भेटेरिनरी अस्पताल, कृषि तथा पशु सेवा बिज्ञ केन्द्र, अन्य निकाय र सु.न.पा संगको समन्वयमा पशु स्वास्थय शिबिर

संचालन तथा बिमा कार्यक्रम संचालन गरिने ।

- संबन्धीत निकाय संगको समन्वयमा कृषी उत्पादनको बजारीकरणका तथा संकलन केन्द्र स्थापनाका लागी आवश्यक प्रयत्न गरिने छ ।
- तरकारी/पुष्प खेती तथा पशुपंक्षी आदीको लागी व्यवसायीक तालिम सँचालन गरिने ।
- एग्रोभेट संचालनलाई प्राथमिक्ता दिने ।
- कृषक सदस्यलाई कृषि औजार (स्प्रे पम्प, हाते ट्याक्टर, पानी पम्प, टनेल प्लाष्टिक, काउ म्याट, दुध क्यान, जाली)को व्यवस्था गर्ने ।
- सु.न.पा ०७ लाई पुष्प खेतीको पकेट क्षेत्र बनाउन सदस्यहरूलाई थप प्रोत्साहन गर्ने ।
- अन्य साना किसान कृषि सहकारी संस्था, साना किसान बैंक र सु.न.पासंगको समन्वयमा सदस्यहरूको दैनिक उपभोग्य सामाग्रीहरूको सुपथ मुल्य पसल संचालन गरिने ।

१४. कार्यक्रम २०८३/८४

१४. कार्यक्रम २०८३/८४						
क्र.सं.	नाम	आ.व. २०८२/०८३	लक्ष्य (थपसंख्या) (०८३/०८४)	जम्मा	समय	जिम्मेवारी/ कैफियत
१	सदस्यता वृद्धि	१७४५	+१५५/-२००	१७००	श्रा- आ	सं,ले,ब्य,उस
२	शेयर वृद्धि	१,४७,१६,६००	२२,८३,४००	१,७०,००,०००	श्रा- आ	स्वःस्फुत
३	बाह्य ऋण	१,९९,९७,५००	१,००,०२,५००	३,००,००,०००	श्रा- आ	सं,ले,ब्य,उस
४	कोष वृद्धि	१,१९,७२,४१९	-४,७२,४१९	१,१५,००,०००	श्रा- आ	सं,ले,ब्य,उस
५	निक्षेप वृद्धि	८,४८,१९,४३०	२०,१९,४३०	८,६८,०००	श्रा- आ	सं,ले,ब्य,उस
६	ऋण लगानी	१०,५४,७६,७९०	१,९६,७६,७९०	१२,५०,००,०००	श्रा- आ	सं,ले,ब्य,उस
७	अन्य लगानी	६,८७,९५१	३,४५,०४९	१,३३,०००	श्रा- आ	सं,ले,ब्य,उस

सम्पति वृद्धि						
१	संस्थाको प्रशासनिक भवन	०	३.५ तल्ला	३.५ तल्ला	श्रा- आ	सं,ले,ब्य,उस
२	सफ्टवेयर	१	१	१	श्रा- आ	सं,ले,ब्य,उस
३	भल्ट	०	६०,०००	६०,०००	श्रा- आ	सं,ले,ब्य,उस

तालिम शिक्षा					
क्र.सं.	नाम	सहभागी	समय	जिम्मेवरी	कैफियत
१	फुल खेति-१	५० जना	०८३ मं	व्यवस्थापन	
२	तरकारी खेती	५० जना	०८३ का	व्यवस्थापन	
३	पशू पालन	५० जना	०८३ फा	व्यवस्थापन	
४	मौरीपालन	२० जना	०८३ फा	व्यवस्थापन	
	कुल जम्मा	१७० जना			

संस्थागत कार्यक्रम				
१	पशु स्वस्थ शिबिर	१	०८३ फा	संचालक+व्यवस्थापन
२	रासायनिक मल बितरण	८० मे.ट	०८३ श्र-अ	" "
३	कृसि औजार बितरण	बिबिध	०८३ चै	" "
४	बिउबिजन बितरण	२ पटक	०८३ अ-फा	" "
५	सयपत्रि फुल बितरण	७००००	०८४ बै	" "
६	सुपथ सहकारि पसल	१ वटा	०८३ फा	" "
७	संकलन केन्द्र	१ वटा	०८३ अ	" "
८	पुष्प पकेट कार्यक्रम	..... रोपनी	०८३ अ	" "

आबद्धता				
१	कर्जा असुली न्यायाधिकरण	१	०८३ का	

सभिक्षा / गोष्ठी				
१	सहकारि शिक्षा-२०	८००	०८३ श्रा-आ	संचालक + व्यवस्थापन
२	बिस्तारित मंन्च-१	८०	०८३ पौ,चै	" "
३	समिक्षा कार्यक्रम-१	३५	०८३-१०-१०	" "
